जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १८ २०७८ साल साउन २३ गते शनिबार (7 Aug. 2021 Saturday) मूल्य रु. ५/-

लैङ्गिक हिंसा अन्त्यको प्रतिबद्धताः

व्यक्ति, परिवार र समाजको ऐक्यबद्धता ।

नेपाल सरकार

विज्ञापन बोर्ड

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : 'कमैया भैँ हरूवाचरुवाको ... ३ पृष्ठमा : जोखिम वर्गलाई ... ३ पृष्ठमा चीनले विश्वलाई दुई अर्ब डोज...

## उपेन्द्र यादवकै कारण पार्टी बिखण्डन : राजेन्द्र महतो



**दैनिक समाचारदाता**
**राजबिराज, २२ साउन ।**

जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र महतोले पार्टीका अर्का अध्यक्ष उपेन्द्र यादवका कारण पार्टी बिखण्डन भएको आरोप लगाएका छन् ।

राजविराजमा शुक्रबार आफ्ना पक्षका अगुवा पार्टी कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले सो आरोप लगाउँदै अहिले मधेशी एकता फोडेर उपेन्द्र यादवले ठूलो अपराध गरेको टिप्पणी समेत गरे ।

निर्वाचन आयोगले पनि उनलाई आधिकारिता दिँदै उक्त इच्छा पुरा गरिदिएको बताउँदै नेता महतोले मधेशी एकता खण्डित गर्नेहरुसँग सजग रहन कार्यकर्ताहरुलाई सुझाव पनि दिए ।

उनले अधिकार प्राप्तिका लागि ताकत चाहिन्छ, ताकतका लागि एकता चाहिन्छ, एकता भाड्ने तत्वलाई जनताले दण्डित गर्नु जरुरी रहेको बताए ।

पार्टी फुटेर शुन्य अवस्थामा पुग्न लागेका उपेन्द्र यादवलाई मधेशी मधेशीबीचको एकता बलियो तुल्याउन आफूहरुले निशर्त एकता गरेर उनको पार्टीलाई जोगाई दिएको दाबीका साथ महतोले भने, "अहिले उपेन्द्र यादव त्यो गुण बिर्सेर पार्टी फोड्ने काममा व्यस्त देखिएका छन् ।"

एक अर्को प्रसङ्गमा उनले मधेश बिरोधी भनेर चिनिएका तत्कालिन प्रधानमन्त्री केपी ओलीलाई मधेशका पक्षमा माँग पुरा गर्न आफूहरुले तयार पारेको जिकिर गर्दै कार्यकर्ताको रिहाई, मुद्दा फिर्ता, नागरिकता विदेयक लगायतका उपलब्धी छोटो समयमै पाएको दाबी गरे ।

उनले भने, "ओली नेतृत्वको सरकारमा १८ दिन मन्त्रिमण्डलमा बसेर ती मागहरु पुरा गरायौं उपेन्द्र यादवले १८ महिना ओली नेतृत्वकै सरकारमा बसेर मधेशका लागि के-के काम गर्न सके उनको प्रश्न थियो ?

पूर्वराजपाका जिल्ला संयोजक सुनिल झाको अध्यक्षतामा आयोजित कार्यक्रममा संघीय सांसद चन्द्रकान्त चौधरी, राष्ट्रिय सभा सदस्य शेखर कुमार सिंह, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, जसपाका कार्यकारणी सदस्य केशव झा, केन्द्रिय सदस्य राजिव झा, जयप्रकाश ठाकुर, बिनोद सिंह, दिपेन्द्र चौधरी, साधना झा, बिजय यादव, दिनेश यादव, अमरनाथ मण्डल, यूवानेता बिनोद यादव र शम्भु यादव लगायतले पनि बोल्दै पार्टी विभाजन भए मधेशमा जसपा नेपाल महन्थ र राजेन्द्र समूह नै बलियो रहने दाबी गरेका थिए ।

## पोखरीमा हामफालेर एक व्यक्तिको मृत्यु

**दैनिक समाचारदाता**
**राजबिराज, २२ साउन ।**

सप्तरीको कंचनरुप नगरपालिकास्थित माछा पालन गरिएको पोखरीमा हामफालेर एक व्यक्तिको मृत्यु भएको छ ।

प्रहरीका अनुसार कंचनरुप नगरपालिका ९ बिष्णु मन्दिर पछाडि रहेको माछा पालन गरिएको पोखरीमा बिहीबार साँझ सोही नगरपालिका १२ रुपनगरका ६० वर्षिय बिरजु सरदारले पोखरीको डिलमा लुगा र चप्पल फुकालेर हाम फालेका हुन् ।

पोखरीको पानीमा हामफाली डुबेको देखेर स्थानियले प्रहरीलाई खबर गरेलगत्तै गोताखोरले पोखरीमा खोजतलास गर्दा लाश फेला नपरेको तथा राती परिसकेकोले शुक्रबार पुनः पोखरीमा खोजतलास गर्दा बिहान ६ बजेतिर बिरजु सरदारको लास फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता मृतकको लाश कानुन बमोजिम मुचुल्का बनाउने कार्य सम्पन्न गरि सो घटना बारे थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।




## छात्रालाई साइकल बितरण



**दैनिक समाचारदाता**
**राजबिराज, २२ साउन ।**

सप्तरीको विष्णुपुर गाउँपालिकास्थित श्रीजनता आधारभुत विद्यालय मुसहरनियाका ३९ जना छात्रालाई शुक्रबार साइकल बितरण गरिएको छ ।

विद्यालय प्राङ्गणमा प्रधानाध्यापक देवन यादवको अधयक्षतामा आयोजित कार्यक्रममा उक्त विद्यालयमा कक्षा ८ मा पढ्ने ३९ जना छात्रालाई साइकल बितरण गरिएको हो ।

सो अवसरमा गाउँपालिकाका प्रमुख निलाम्बर यादव, वडा अध्यक्ष रामेश्वर यादव, वडा समिति सदस्य भोला साह, हरिशचन्द्र मण्डल, मालतीदेवी खंग, चन्द्रादेवी रजक, शिक्षक प्रमोद कुमार यादवलगायतले साइकल बितरण गरे ।

महिलाप्रति हुँदै आएको विभेद अन्त्य तथा उनीहरुको शिक्षामा पहुँच अभिबृद्धि गरि आत्मनिर्भर बनाउने उद्देश्यले प्रदेश २ सरकारले ८ वटै जिल्लामा बेटी पढाउ, बेटी बचाउ अभियान चलाउँदै आएको छ ।

## सम्पादकीय

# महामारी पुनः बढ्दै छ, गम्भिर होऔं

कोरोना महामारीको दोश्रो लहर अहिले चलिरहेको छ। दोश्रो लहरकै बीच तेश्रो लहर समेतले आगमन गरिसकेको छ। नेपालमा भने दोश्रो लहरमा निकै मानविय क्षति भएको छ। अहिले पनि दिनहु दर्जनौं व्यक्तिको मृत्यु भइरहेको छ भने संक्रमितहरु पनि बढीरहेका छन्। महामारीलाई ध्यानमा राख्दै सरकारले दिनहुँ मानिसहरुलाई सचेत रहन आग्रह पनि गरिरहेको छ।

तर, मानिसहरुले यस महामारीलाई हेलचक्राई गरिरहेका छन्। स्वास्थ्य मापदण्ड नअपनाई आफ्नो दैनिक क्रियाकलाप गरिरहेका छन्। जसकारण मानिसहरु झनै जोखिममा पर्दैछन्। महामारीलाई ख्याल ख्यालमा लिइरहेको अवस्थामा सरकारी स्तरबाट यसलाई गम्भिरता पूवर्क लिइएको छ। हुन त कोरोना बिरुद्धको खोप समेत आइसकेको अवस्था नेपालमा पनि मानिसहरुले खोप लिइरहेका छन्। तर पनि खोप लिएका व्यक्ति समेतले यसप्रति हेलचक्राई गर्ननहुने स्वास्थ्य मन्त्रालयको भनाई छ।

तसर्थ महामारीप्रति सबै जना गम्भिर हुनु अत्यन्त आवश्यक छ। सरकारबाट जारि स्वास्थ्य मापदण्डलाई पालना गरे मात्र महामारीलाई परास्त गर्न सक्ने कुरामा दुई मत नहोला।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# 'कमैया झैँ हरूवाचरुवाको पनि मुक्ति हुनुपर्छ'

**नानीमैया कटवाल**
सप्तरी, २२ साउन (रासस)।

बँधुवा मजदुरका रूपमा रहेको भनिएका यहाँका हरूवाचरुवाले मुक्तिको माग गरेका छन्।

उनीहरूले क्षतिपूर्ति र ऋण मिनाहासहित तत्काल हरूवाचरुवा प्रथा खारेज हुनुपर्ने माग गरेका हुन्। सप्तरीको राजविराजमा शुक्रबार आयोजित कार्यक्रममा सहभागी हरूवाचरुवाले कमैया, हलिया, कमलरी प्रथालाई सरकारले अन्त्य गरे झैँ हरूवाचरुवाको समस्या सम्बोधन गर्नुपर्ने माग गर्नुभएको हो।

कमैया, हलियाजस्तै हरूवाचरुवाको पनि गम्भीर समस्या रहेको बताउँदै हरूवाचरुवा अधिकार मञ्चका राष्ट्रिय अध्यक्ष दर्शन मण्डलले उनीहरूको सुरक्षित बास र परिवार सङ्ख्याका अधारमा जग्गासहित पुनःस्थापना गर्ने प्रतिबद्धता सरकारले पूरा नगरेको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "यो देश हाम्रो पनि हो, कानून र राज्य सबैका लागि समान हो भने उस्तै प्रकारको हलिया, कमैया मुक्त हुँदा हरूवाचरुवाको समस्या पनि समाधान हुनुपर्छ।"

जनचेतना दलित सङ्गमका अध्यक्ष रामलखन रामले सरकार र व्यवस्था पटक पटक परिवर्तन भए पनि हरूवाचरुवाको समस्या जस्तातस्तै रहेको बताउनुभयो। उहाँले भन्नुभयो, " विभिन्न पार्टी नेतृत्वको सरकार हेर्‍यौं, राजा जनता भएको र जनता राजा भएको पनि हेर्‍यौं तर हामी जहाँको तही छौं।" व्यवस्था परिवर्तन गर्न, संविधान र कानून बनाउन पटक-पटक बलिदान गर्नुपरेको स्मरण गर्नुहुँदै उहाँले अब कार्यान्वयनका लागि बलिदान गर्नुपर्ने बेला आएको बताउनुभयो।

इन्सेक प्रतिनिधि मनोहर पोखरेलले दलित, गरिबको कोखमा जन्मनु नै अपराध नभएको बताउनुभयो। हरूवाचरुवाको काम दिनुलाई नै धनीको महानता ठानेर उचित ज्याला र उचित खानपानसमेत माग्न नसक्ने बाध्यतालाई भजाएर खानुचाहिँ अपराध भएको उहाँको भनाइ छ। बलान बिहुल गाउँपालिकाका अध्यक्ष दयानन्द गोइतले शिक्षा, क्षमता विकास र राजनीतिक सहभागितामा हरूवाचरुवाहरूले ध्यान दिनुपर्ने बताउँदै सेवा, सुविधाका लागि गाउँपालिकाले पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।

यसअघि हरूवाचरुवा अधिकार मञ्च सुरुङ्गाका सोभितलाल राम, खडकका बलदेव मण्डललगायतले 'स्थानीय सरकारमा जनताको पहुँच खोई ?' भन्दै प्रश्न उठाएका थिए। हरूवाचरुवा अभियानकी अगुवा चन्देश्वरी सदा, प्रेम विश्वकर्मा, बलान बिहुल गाउँपालिकाका कार्यपालिका सदस्य हरिप्रसाद रामले दलितका लागि आएको सुविधाको रकम चरम दुरूपयोग हुने गरेको, उठीवासको समस्या रहेको र घटना दर्तामा समेत स्थानीय तह गम्भीर नभएको गुनासो गर्नुभएको थियो। सहभागीले हरूवाचरुवाको आर्थिक तथा सामाजिक विकासका लागि स्थानीय तहले योजना बनाएर अघि बढनुपर्ने बताएका छन्। मुलुकमा ठुल्ठूला परिवर्तन भए पनि हरूवाचरुवाको जीवनमा परिवर्तन आउन नसकेको भन्दै उनीहरूले त्यसका लागि सङ्घीय, प्रदेश र स्थानीय तहको ठोस योजना र पहलको आवश्यकता औँल्याउनुभयो।

कानून व्यवसायी केशरलाल खड्गले पटक-पटक आग्रह र आन्दोलन गर्दा पनि राज्यको नजरमा ओझेल परेका हरूवाचरुवाले आन्दोलनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो। प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाले पश्चिम नेपालमा कमैयालाई सरकारले मुक्त गरेझै पूर्वी तराइका हरूवाचरुवाको माग सम्बोधन गर्नुपर्ने बताउनुभयो।

कार्यक्रमको शुरुआतमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै पत्रकार मणिलाल विश्वकर्माले राज्यले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराइ आवासविहीन दलितलाई बसोबासको व्यवस्था गर्ने संवैधानिक कानून बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। जीविकाका लागि सीप विकास, शिक्षा, स्वास्थ्य, रोजगारी, आयआर्जनसम्बन्धी तालीम र व्यवहारमै छुवाछुतको अन्त्य आवश्यक रहेको उहाँको भनाइ छ।

हरूवाचरुवाले जमिन्दारको ऋणबाट मुक्ति नपाएको र सरकारले समस्या समाधान नगरेको भन्दै हरूवाचरुवा लामो समयदेखि सङ्घर्षरत छन्। सरकारले समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि माग सम्बोधन नभएको उनीहरूको आरोप छ। सप्तरीको पातो, जमुनी मधेपुरा, मलेकपुर तथा सिरहाको बस्तीपुर, हनुमाननगर, नहरा रिगौलमा गरिएको नमूना सर्वेक्षणअनुसार दुवै जिल्लामा ४५ हजार ६५ हरूवाचरुवा रहेको हरूवाचरुवा अधिकार मञ्चको दाबी छ।

हरूवाचरुवाको लगत सङ्कलन, वर्गीकरण, परिचयपत्र वितरण, ऋण मिनाहा, जग्गा र आवासको व्यवस्था, रोजगारीको सुनिश्चितता, आयआर्जनसम्बन्धी तालीमका लागि उनीहरूले सरकारसँग माग गर्दै आएका छन्। धेरै जमिन हुने जमिन्दारले आफैँले खेती गर्न नसकेपछि आफ्नो खेती सुनिश्चित गर्नका लागि कसैलाई 'स्थायी खेतालो' राख्नुपर्ने हुन्छ। खासगरी पूर्वतराई क्षेत्रमा वार्षिक १५/२० मन धान पाउने गरी खेतीपाती सुनिश्चित गर्न राखिएका व्यक्ति नै हरवा हुन्।

गरिब परिवारको मूलीलाई हरवा राखेपछि उसकी श्रीमती खानाकै भरमा लाग्ने हरूवा बसेकै घरमा 'सघाइदिने' गर्छन्। अनि उनीहरूका छोराछोरी भने सोही जमिनदारको घरमा गाईबस्तु, बाख्रा आदि चराउन 'नियुक्त' हुने भएकाले चरुवा भनिँदै आएको छ।

# टेलिकमको सियूजी प्याकेज : अनलिमिटेड कलदेखि डाटासम्म

काठमाडौँ, २२ साउन (रासस)।

नेपाल टेलिकमले सियूजी सेवामा आबद्ध हुने ग्राहकलाई अनलिमिटेड कलदेखि डाटासम्मको छुटको घोषणा गरेको छ। टेलिकमले कर्पोरेट युजर ग्रुप-सियूजी सेवामा आबद्ध हुने ग्राहकको सङ्ख्यामा वृद्धि हुने क्रम जारी रहेकाले कुनै संस्था/कार्यालयमा कार्यरत न्यूनतम दश मोबाइल प्रयोगकर्तालाई सियूजी समूहमा आबद्ध गराएर छुट दिन सकिने जनाएको हो।

सियूजी सेवामा आबद्ध सदस्यबीच निःशुल्करूपमा अनलिमिटेड भ्वाइस कल गर्न, सस्तो दरमा डाटा चलाउन र एसएमएस पठाउन सकिने तथा सियूजीमा आबद्ध नभएका नेपाल टेलिकमको नेटवर्कभित्रका अन्य नम्बरमा कुराकानी गर्न सकिने टेलिकमका प्रवक्ता राजेश जोशीले जानकारी दिनुभयो।

उहाँका अनुसार कर्पोरेट ग्रुपमा आबद्ध सदस्यको आवश्यकतालाई दृष्टिगत गरी रु २००, रु ५००, रु एक हजार र रु एक हजार ५०० दरका विभिन्न सियूजी प्याकेज उपलब्ध गराइएको छ। कम्पनीले उपलब्ध गराएको सो सेवामा प्रिपेड मोबाइलका ग्राहकले रु २०० को प्याकेजअन्तर्गत सो ग्रुपमा पहिलेदेखि नै उपलब्ध अनलिमिटेड कलबाहेक १०० मिनेट अननेट (नेपाल टेलिकमको नेटवर्कमा प्रयोग गर्न सकिने) र १० मिनेट अफ नेट (अन्य नेटवर्कमा समेत प्रयोग गर्न सकिने) भ्वाइस सुविधा तथा ५० वटा अन नेट एसएमएस सुविधाका साथै जुनसुकै समयमा प्रयोग गर्न सकिने एक जिबी डाटा सुविधा प्राप्त गर्न सक्दछन्।

त्यसैगरी पोस्टपेड मोबाइलका ग्राहकले रु ५०० को प्याकेजअन्तर्गत सो ग्रुपमा पहिलेदेखि नै उपलब्ध अनलिमिटेड कल बाहेक ५०० मिनेट अन नेट र ५० मिनेट अफ नेट भ्वाइस सुविधा तथा १०० अन नेट एसएमएस र ३० वटा अफ नेट एसएमएस सुविधाका साथै जुनसुकै समयमा प्रयोग गर्न सकिने पाँच जिबी डाटा सुविधा प्राप्त गर्न सक्दछन्।

उक्त दुई प्याकेजबाहेक पोस्टपेड मोबाइलका ग्राहकले रु एक हजार र रु एक हजार ५०० का अन्य प्याकेजसमेत प्रयोग गर्न सक्दछन्। रु एक हजारको प्याकेजअन्तर्गत सियूजी ग्रुपभन्दा बाहिर कम्पनीकै नेटवर्कमा बिहान ७:०० देखि बेलुकी ७:०० बजेसम्म अनलिमिटेड कल वा मासिक जम्मा एक हजार मिनेट कल गर्न सकिन्छ भने अन्य नेटवर्कमा १०० मिनेट कल गर्न सकिन्छ। साथै यस प्याकेजमा १० जिबी डाटा चलाउन र २०० एसएमएस पठाउन सकिन्छ।

यसैगरी रु एक हजार ५०० को प्याकेजअन्तर्गत सियूजी ग्रुपभन्दा बाहिर कम्पनीकै नेटवर्कमा बिहान ७:०० बजेदेखि बेलुकी ७:०० बजेसम्म अनलिमिटेड कल गर्ने सुविधा वा मासिक जम्मा १५०० मिनेट कल गर्न सकिने सेवा लिन सकिन्छ। यस प्याकेजमा अन्य नेटवर्कमा २०० मिनेट कलका अतिरिक्त २० जिबी डाटा चलाउन र ४०० वटा एसएमएस पठाउन सकिन्छ।

कुनै संस्था/कार्यालयले ग्रुपमा सहभागी गराउनुपर्ने मोबाइल नम्बर र प्राप्त गर्न चाहेको प्याकेज पत्रमा उल्लेख गरी कम्पनीको ग्राहक सेवा केन्द्रमा सम्पर्क गर्नुपर्छ। न्यूनतम १० प्रिपेड/पोष्टपेड मोबाइल प्रयोगकर्ता समेटी आधिकारिकरूपमा कम्पनीलाई जानकारी गराएपछि तोकिएका ग्राहकलाई सियूजी प्याकेज उपलब्ध गराइने कम्पनीले जनाएको छ।

# राजमार्ग मर्मत नहुँदा दुर्घटनाको जोखिम बढ्दै

लहान, २२ साउन (रासस)।

पूर्वपश्चिम राजमार्गअन्तर्गत सिरहाको मिर्चैयास्थित मुख्य सडकको मर्मत नहुँदा दुर्घटनाको जोखिम बढ्दै गएको छ। राजमार्गका विभिन्न स्थानमा भएका खाल्डाखुल्डी नपुरिँदा सवारी साधन सञ्चालन गर्न असहज भइरहेकाले दुर्घटनाको जोखिम बढेको चालक बताउँछन्।

दैनिक हजारौँ सवारी साधन आवागमन गर्ने राजमार्ग नै भत्केर कुरुप बन्दा पनि सम्बन्धित सरोकारवाला निकायको यसतर्फ ध्यान जान नसकेको स्थानीयवासी बताउँछन्। राजमार्गका ठाउँठाउँमा गरिएको कालोपत्र अघिल्लो वर्षको असार-साउनको अविरल वर्षाका कारण मिर्चैयामा भत्केका सडकको झण्डै एक वर्षभन्दा बढी समय बिते पनि टालटुलसमेत हुन

*बाँकी तीन पृष्ठमा*

# जोखिम वर्गलाई प्राथमिकताका आधारमा खोप लगाउन सांसदको माग

काठमाडौँ, २२ साउन (रासस)। राष्ट्रियसभाका सांसदले कोरोना सङ्क्रमणको जोखिममा परेका नागरिकलाई प्राथमिकताका आधारमा खोप दिने व्यवस्था गर्न माग गर्नुभएको छ।

जोखिम फेरि बढेर जान थालेकाले स्वास्थ्य सुरक्षाका मापदण्ड कडाइका साथ पालना गर्न, तेस्रो लहरको कोरोनाको उपचारका लागि स्वास्थ्य संस्थामा तयारी गर्ने व्यवस्था मिलाइ हाल्न पनि सांसदले सरकारको ध्यानाकर्षण गराउनुभएको छ। खोप त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दुर्गम क्षेत्रमा लैजान पनि सांसदको माग छ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा सांसद तारादेवी भट्टले राष्ट्रिय गौरवका आयोजनामा काम गर्ने श्रमिकलाई पहिलो प्राथमिकतामा राखेर खोप लगाउने व्यवस्था गर्न माग गर्नुभयो। कूल बजेटको सात प्रतिशतभन्दा बढी स्वास्थ्य क्षेत्रमा छुट्याइएको उल्लेख गर्नुहुँदै उहाँले कार्यान्वयन हुने वातावरण बनाउन माग गर्नुभयो।

दार्चुला घटनाका दोषीलाई कारबाहीको माग गर्दै सांसद भट्टले पब्जी, फिफा, एग्रोगेसनजस्ता इन्टरनेटमा आधारित खेल बन्द गराएर बच्चाको स्वास्थ्य जोगाउने व्यवस्था मिलाउनुपर्नेमा जोड दिनुभयो। सांसद पर्शुराम मेघी गुरुङले कार्यसम्पादन मूल्याङ्कनमा कुनै पनि कर्मचारी फेल नभएको उल्लेख गर्नुहुँदै सार्वजनिक सेवा प्रवाह चुस्त हुन नसकेको बताउनुभयो। उहाँले विसं २१०० सम्म मुलुकलाई समृद्ध देशका रूपमा अघि बढाउने १५औँ योजनाको लक्ष्य पूरा गर्नुपर्ने मा जोड दिनुभयो। १५औँ योजनाका विकासका कार्यक्रमको अनुगमन एवं मूल्याङ्कन गर्न सर्वदलीय समिति गठन गर्न पनि उहाँले माग गर्नुभयो।

सांसद गङ्गाकुमारी बेल्वासेले रोजगारी नपाउँदा थुप्रै युवा विदेशमा जान बाध्य हुनुपरेको उल्लेख गर्नुहुँदै सम्झौतानुसारका काम नपाउँदा समस्यामा पर्ने गरेको बताउनुभयो। वैदेशिक रोजगारीमा गई अङ्गभङ्ग भएकाले उचित क्षतिपूर्ति नपाउने अवस्था रहेकाले कानूनी कारबाहीको उहाँले माग गर्नुभयो।

सांसद कोमल वलीले केपी शर्मा ओली नेतृत्वको सरकारले ढाल्ने दलले जनताले चाहेअनुरुपका कार्यक्रम दिन नसकेको बताउनुभयो। दार्चुला घटनामा सरकारले भारतीय सरकारसँग सिधा वार्ता गर्न नसकेको बताउनुभयो। समितिमै दार्चुला घटनालाई टार्न खोजेको हो कि भन्ने लागेको बताउनुभयो।

सांसद रामनारायण बिडारीले संसद् विघटन गरेर अध्यादेशमार्फत संसदीय सुनुवाइ नगरी संवैधानिक निकायका पदाधिकारी नियुक्त गरिएको, त्यसविरुद्ध सर्वोच्चमा मुद्दा परेको, सभामुखलाई सूचना नदिएकाले प्रधानन्यायाधीशबाट सुनुवाइ हुन्छ कि हुँदैन ? भनी प्रश्न गर्नुभयो। यसले अदालतको आलोचना भएको, मानवअधिकारको खिल्ली उडेको, भूमि आयोग नियमावली बनाई जग्गाको वर्गीकरण नगरी बनाएकाले वास्तविक सुकुम्बासीलाई जग्गा दिन नसक्ने भएकाले अधिकार सम्पन्न आयोग बनाउन उहाँले माग गर्नुभयो।

सांसद प्रकाश पन्थले लुम्बिनी प्रदेशका मुख्यमन्त्रीले प्रदेशसभा सदस्यलाई बन्धक बनाएकाले छानबिन समिति गठन गरेर दोषीलाई कारबाही गर्नुपर्ने माग गर्नुभयो। इतिहासले मोका दिएको पूर्ववर्ती केपी ओली नेतृत्वको सरकारले आफ्नो कार्यकालमा काम गर्न नसकी अहिले रोइलो शुरु गरेको उहाँको आरोप थियो। लालपुर्जाका लागि लालफण्डा बोक्नुपर्ने वातावरण भएकाले भूमि आयोगलाई पुनःसंरचना गरिनुपर्ने सांसद पन्थको भनाइ थियो।

सांसदहरू डा विमला राई पौडेल, तुलसाकुमारी दाहाल, प्रमिलाकुमारी, उदया शर्मा पौडेल, सुमित्रा बिसी, भैरवसुन्दर श्रेष्ठले दार्चुला घटनाका दोषीलाई कारबाही हुनुपर्ने, कोरोना जोखिम अझै बढ्न थालेकाले खोपमा श्रमिक महिलालाई प्राथमिकता दिनुपर्ने, भूमि समस्या समाधान आयोग खारेजी गर्न नहुने र उपयुक्त ठाउँमा उपयुक्त कर्मचारीको पदस्थापन गर्नुपर्ने बताउनुभयो।

### *राजमार्ग मर्मत ...*

सकेका छैन।

खासगरी पूर्वमा कटारी चोकदेखि पश्चिममा मिर्चैया थाना चोकसम्म रहेका खाल्डाखुल्डीका कारण राजमार्गको अवस्था अस्तव्यस्त बनेको स्थानीयवासीको भनाइ छ। मिर्चैयाको थाना चोक, कटारी चोक र पश्चिम बस बिसौनीमा रहेका ठूलठूला खाल्डाखुल्डीले पैदल आवतजावत गर्नसमेत समस्या भइरहेको छ।

एकातिर सडकमा रहेका खाल्डाखुल्डी पार गर्न चालकले लेन मिच्दा दुर्घटनाको जोखिम बढेको स्थानीय व्यापारी अशोक साहले बताउनुभयो। राजमार्गमा रहेका समस्यालाई समाधान गर्न सडक डिभिजन कार्यालय लहानलाई पटक-पटक जानकारी गराइए पनि कुनै चासो नदिएको व्यापारी साहको कथन छ।

राजमार्गका केही स्थानमा सडक टुटफुट भएर खाल्डाखुल्डी हुँदासमेत सडक डिभिजन कार्यालयले कालोपत्र गरेर दिगो समाधान गर्नतर्फ ध्यान नदिएको स्थानीयवासीको भनाइ छ। वर्षायाममा नै भत्किएको सडक अहिलेसम्म नबन्दा यात्रुका साथै स्थानीयवासीले सास्ती बेहोर्नुपरेको छ। मुख्यमार्गमा पैदल आवतजावत गर्नेलाई पनि कठिनाइ भइरहेको छ। सडकमा जोखिम मोलेर भए पनि चालकले यातायात सञ्चालन गर्ने गरेका छन्।

मिर्चैया नगरपालिकाका प्रमुख श्रवणकुमार यादवले सडकको दुर्दशाप्रति आफूहरू पनि चिन्तित रहेको जनाउँदै सडकको समस्या समाधानका लागि पहल गरिरहेको बताउनुभयो।






## विश्व समाचार

### चीनले विश्वलाई दुई अर्ब डोज कोरोना विरुद्धको खोप सहयोग गर्ने

बेइजिङ, २२ साउन (रासस/सिन्ह्वा)। चीनले यसै वर्षभित्रमा विश्वका विभिन्न देशलाई कम्तीमा पनि दुई अर्ब डोज कोरोना विरुद्धको खोप सहयोग दिने भएको छ। त्यसैगरी चीनले यसै वर्षको अन्तिमसम्ममा चीनले एक करोड अमेरिकी डलर सहयोग कोभ्याक्स कार्यक्रममा गर्ने पनि बताएको छ। चीनका राष्ट्रपति सि जिनपिङले यो कुरा बताउनुभएको छ। उहाँले यसै वर्षको अन्त्यसम्ममा चीनले विश्वका खाँचो परेका देशहरुलाई कम्तीमा पनि दुई अर्ब डोज खोप दिने बताउनुभएको हो।

त्यसैगरी राष्ट्रपति जिनपिङले आगामी दिनमा कोभिड विरुद्धको खोपको खाँचो हुने धेरै देश हुने भएकाले ती देशलाई यो खोप उपलब्ध गराउने बताउनुभयो। कोभिड-१९ को अप्रेसन फोरमको बिहीबारको बैठकमा राष्ट्रपति सि जिनपिङले यो सन्देश पठाउनुभएको हो। उहाँले पठाउनुभएको लिखित सन्देशमा सो कुराको जानकारी गराइएको छ।

राष्ट्रपति सि जिनपिङले कोभ्याक्सअन्तर्गत दिइएको एक करोड अमेरिकी डलर बराबरको आर्थिक सहयोगबाट किनिएको खोप विश्वका विकासशील देशहरुका लागि उपलब्ध गराइने जानकारी पनि उहाँले दिनुभएको छ। राष्ट्रपति जिनपिङले चीनले कोभिड-१९ का विरुद्धमा विश्व समुदायलाई एकत्रित गर्ने काममा चीनले भूमिका निर्वाह गर्ने पनि जानकारी दिनुभएको छ। उहाँले विश्व यो महामारीबाट आक्रान्त भएकाले यसका विरुद्धमा विश्व नै एक भएर लड्नुपर्ने भन्दै चीन महामारी विरुद्ध विश्व समुदायलाई एकै स्थानबाट लड्ने वातावरण सिर्जना गर्ने काममा लागेको पनि बतउनुभएको छ।

### भारतमा थप ४४ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, २२ साउन (रासस/सिन्ह्वा)। भारतका कोरोनाभाइरसबाट नयाँ ४४ हजार ६४३ जना सङ्क्रमित थपिएका छन्। सरकारी अधिकारीले दिएको जानकारीअनुसार थपिएका सङ्क्रमितसँगै भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेको सङ्ख्या चार लाख १४ हजार १५९ पुगेको छ। यो सङ्ख्या कूल सङ्क्रमितको १.३० प्रतिशत भएको पनि जनाइएको छ।

केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा भारतमा ४१ हजार ९६ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै समयमा कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको सङ्ख्याभन्दा थप सङ्क्रमितको सङ्ख्या धेरै भएकाले अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्यामा वृद्धि भएको छ।

भारतमा अहिले सङ्क्रमणमुक्त भएको कूल सङ्ख्या तीन करोड १० लाख १५ हजार ८४४ पुगेको मन्त्रालयले जनाएको छ। कूल सङ्क्रमितमध्ये अहिलेसम्म सङ्क्रमणमुक्त भएको कूल सङ्ख्या ९७.३६ प्रतिशत पुगेको मन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन्। भारतमा कोरोनाभाइरसबाट सङ्क्रमित भएर अहिलेसम्म चार लाख २६ हजार ७५४ को मृत्यु भएको मन्त्रालयको तथ्याङ्क छ। तीमध्ये ४६४ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो। अधिकारीहरुका अनुसार भारतमा अहिलेसम्म ४९ करोड ५३ लाख २७ हजार ५९५ भन्दा बढीलाई कोरोनाभाइरस विरुद्धको खोप लगाइएको छ।

### परमाणुसम्बन्धी वार्तामा फेरि फर्कन इरानलाई अमेरिकाको आग्रह

वासिङ्टन, २२ साउन (रासस/सिन्ह्वा)। अमेरिकाले इरानको नयाँ सरकारलाई परमाणु सम्झौतासम्बन्धी वार्तामा फेरि फर्कन आग्रह गरेको छ। इरानका नवनियुक्त राष्ट्रपति इब्राहिम रायसीले जिम्मेबारी ग्रहण गरेकै दिन बिहीबार अमेरिकाले परमाणु सम्झौताको विषयलाई सकारात्मक दिशातर्फ लैजान आग्रह गरेको हो। अमेरिकी विदेश मन्त्रालयका प्रवक्ताले कूटनीतिक वार्ताको अवसर सधैं खुल्ला नरहने चेतावनीसमेत दिनुभएको समाचारमा जनाइएको छ।

सन् २०१५ मा इरान र अन्य ६ देशहरू अमेरिका, बेलायत, फ्रान्स, चीन, रुस र जर्मनीबीच भएको एउटा सम्झौताअनुसार इरानलाई आर्थिक क्षति पुग्ने केही प्रतिबन्धहरू हटाइएको बदलामा इरानले आफ्ना केही परमाणु कार्यक्रम रोकेको थियो। अहिले फेरि त्यसलाई निरन्तरता दिन अमेरिकाले इरानलाई आग्रह गरेको हो। बिहीबार पद सम्हालेपछि इरानी राष्ट्रपति रायसीले पनि देशमाथि लागेका प्रतिबन्ध अन्त्यका लागि गरिने कूटनीतिक पहललाई समर्थन गर्ने आशय व्यक्त गर्नुभएको थियो।

इरानका नयाँ राष्ट्रपतिको आशय र अमेरिकाको आग्रह मिल्दो जुल्दो भएकाले दुई देशको सम्बन्ध सकारात्मक दिशातर्फ उन्मुख हुन सक्ने अपेक्षा गरिएको छ। यसअघि सन् २०१८ मा तत्कालीन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले परमाणु सम्झौताबाट अमेरिकालाई अलग्याउँदै इरानमाथि पुराना प्रतिबन्धहरूलाई निरन्तरता दिनुभएको थियो। त्यसपछि दुई देशबीचको सम्बन्धमा तिक्तता आएको थियो।

पश्चिमा देशहरूले इरानमाथि परमाणु हतियार बनाउन लागिरहेको आरोप लगाउने गरेका छन् भने इरानले त्यसलाई अस्वीकार गर्दै आएको छ। इरानी नयाँ राष्ट्रपति रायसीले इरानमाथिका प्रतिबन्धहरू अन्त्य गर्ने कुनै पनि कूटनीतिक प्रयासहरु आफूले गर्ने बताउनुभएको थियो। सम्बन्ध सुधार गर्न र सम्झौतालाई पुनर्जीवित गर्न अस्ट्रियाको राजधानी भियानामा केही समयदेखि वार्ता भइरहेपनि नतिजा आउन सकेको छैन तर प्रयास भने गरिरहने उहाँले बताउनुभएको छ।

# बिपत जोखिम न्युनिकरण तथा व्यबस्थापनका लागि कार्यशाला गोष्ठी



**दैनिक समाचारदाता**
**राजबिराज, २२ साउन ।**

सक्षम परियोजनाले बिपत जोखिम न्युनिकरण तथा सामुदायमा बिपद व्यबस्थापन सम्बन्धी एक दिने कार्यशाला गोष्ठी सम्पन्न गरेको छ ।

कोशी पीडित समाजको आयोजना, युएसएडको सहयोगमा एलडब्लुआरको समन्वय तथा सक्षम परियोजनाद्वारा शुक्रबार संचालित सामुदायिक बिपत ब्यबस्थापन समितिकाहरूको साझा मञ्चले नागरिक मञ्चको गठन तथा कार्यशाला गोष्ठी सम्पन्न गरेको हो ।

सो अवसरमा तिलाठी कोईलाडी गाउपालिका, सप्तकोशी नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका र कंचनरूप नगरपालिका गरी ४ पालिका सम्मिलत ३० वटा बिपत ब्यबस्थापन समितिका सदस्यहरूबाट रामचन्द्र खंग संयोजकत्वमा १५ सदस्यीय नागरिक मंच सर्वसम्मतिवाट गठन गरिएको छ ।

यसैगरी गठित समितिको सचिवमा शम्भु प्रसाद फुयाल, सदस्यहरूमा रामा बस्नेत, दिनेश यादब, रामकुमार यादब, महेश साह, कृष्णदेव राय, श्रीराम खंग, अशोक साह, रामनारायण पण्डित, जवाहरलाल चौधरी, सुकदेव यादब, जीवन यादब, सीता चौधरी, दुली यादब रहेका छन् ।

सो अवसरमा कोशी पीडित समाजका निर्देशक देव नारायण यादबले गठित नागरिक मञ्चले बिपत जोखिम न्युनिकरण तथा ब्यबस्थापनका लागि स्थानिय निकायसँग समन्वय गरी विभिन्न किसिमको बिपतमा परेको समुदायलाई सहयोग गर्न भुमिका निर्वाह गरिने जानकारी दिए ।

परियोजनाले बाढी प्रभाबित क्षेत्रका घरपरिवारलाई कृषितर्फ आत्मनिर्भर बनाउन कृषि बिउबिजन, तरकारी खेतीका लागि बिउबिजन तथा प्राबिधिक सहयोग सँगै तरकारी खेतीलाई बर्षायाम जोगाउन टर्मिनल घर समेत बनाई दिएर प्रोत्साहन गर्दै आएको कार्यक्रम अधिकृत सुकदेव चौधरीले बताए ।

सक्षम परियोजनाले बाढी प्रभाबित क्षेत्रमा आजआर्जन गर्न बिपत जोखिम न्युनिकरण सम्बन्धी अभिमुखिकरण दिईदै आएको छ ।

समितिले पुर्व सुचना कार्यदल, खोज तथा उद्वार कार्यदल, प्राथमिक उपचार कार्यदल, क्षतिबिश्लेण तथा राहत कार्यदल, गठन भई कार्य गर्दै आएको छ ।

बाढी प्रभाबित क्षेत्रका कृषकलाई कृषीमा आत्मनिर्भर बनाई आयआर्जन तर्फ आकर्सित गराउन सोबरना सब धानका उन्नति बीउ समेत बितरण सँगै कृषि प्राबिधिकवाट सहयोग गरेको नागरिक मंचका सदस्य रामनारायण पण्डितले जानकारी दिए ।

सक्षम परियोजनाले स्थानिय स्तरका बिपत ब्यबस्थापन समिति, जेन्डर च्याम्पियन, बाढीको समयमा उद्वार गर्न, आगलागी सम्बन्धी जनचेतनामुलक कार्यक्रम, कोरोना भाईरस सम्बन्धी जनचेतना मुलक कार्यक्रम, लैंगिक हिंसा जस्ता तालिमहरू समुदायस्तरमा जनचेतना फैलाउदै कार्य गर्दै आएको कार्यक्रम संयोजक श्रवण कुमार चौधरीले बताए ।

अन्तरसिमा नागरिक मञ्चका संयोजक निलम देबी नायकको अध्यक्षतामा आयोजित कार्यक्रममा कंचनरूप नपा बिपत ब्यबस्थापन समिति संयोजक राजेश यादब, सप्तकोशी नगरपालिका संयोजक महाननद चौधरी, तिलाठी कोईलाडी गाउपालिका बिपत ब्यबस्थापन समिति संयोजक राजेश झा, नेपाल पत्रकार महासँघ सहसचिव चन्दनकुमार यादब लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

# सभापतिमा उम्मेदवारी दिन्छु : निधि



धनुषा, २२ साउन (रासस) ।

नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले पार्टीको १४औं महाधिवेशनमा आफूले सभापतिमा उम्मेदवारी दिने बताउनुभएको छ । यहाँ शुक्रबार सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भन्नुभयो, "१४औँ महाधिवेशन जहिले भए पनि सभापतिमा मेरो उम्मेदवारी हुनेछ ।" उहाँले सभापतिको उम्मेदवारीका लागि आफू अगाडि बढिसकेको र तयारी शुरू गरिसकेको बताउनुभयो ।

उहाँले क्रियाशील सदस्यतामा देखिएको विवाद चाँडै टुङ्गिने र महाधिवेशनको तयारीले गति लिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "भदौमा महाधिवेशन हुन्छ भनेर सभापति शेरबहादुर देउवाजीले पनि भनिरहनुभएको छ, क्रियाशील सदस्यतामा देखिएको विवाद समाधानका लागि छलफल शुरू भएको छ, विवाद टुङ्गिएसँगै महाधिवेशनको तयारीले गति लिन्छ, तदर्थ समिति वा विशेष अधिवेशनको कुनै आवश्यकता छैन ।"

पूर्वउपप्रधानमन्त्री निधिले सरकारको न्यूनतम साझा कार्यक्रम कार्यदलले टुङ्ग्याइसकेकाले अब चाँडै मन्त्रिपरिषद् पनि विस्तार हुने बताउनुभयो । नेकपा (एमाले) का वरिष्ठ नेता माधवकुमार नेपाल पक्षलाई पनि सरकारमा सहभागी गराउने प्रयास भइरहको हुँदा मन्त्रिपरिषद् विस्तारमा केही ढिलाइ भएको उहाँको भनाइ थियो ।

उहाँले भन्नुभयो, "माधव नेपाल पक्षलाई पनि सरकारमा सामेल गराउने प्रयास भइरहेको छ, पार्टी सभापति देउवाजीलाई प्रधानमन्त्री बनाउन ज-जसले सहयोग गर्नुभएको छ, उहाँहरू सबै पक्षलाई सरकारमा समावेश गराउने हाम्रो चाहना छ, त्यसैले केही ढिला भएको हो ।" सबै दललाई सरकारमा सहभागी गराउने आफूहरूको चाहना भएको र त्यसका लागि छलफल भइरहेको उहाँले जनाउनुभयो ।

# हार्दिक समवेदना



जन्म मिति
बि.सं. २०१३/०९/१२

स्वर्गारोहन
बि.सं. २०७८/०४/१९

स्व. शैलेन्द्र झा

यस पूर्व कर्मचारी सेवा परिषद्-नेपाल शाखा सप्तरी राजविराजका उपाध्यक्ष सेवा निवृत सिनियर डिभिजनल इन्जिनियर **शैलेन्द्र झा**को मिति २०७८/०४/१९ गते मंगलबार राती ९:३० बजे असामयिक निधन भएकोले यस संस्थालाई अपूर्णिय क्षति भएको छ । निजको दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै शोकाकुल परिवारलाई धैर्य धारण राख्न इश्वरसँग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं ।

**पूर्व कर्मचारी सेवा परिषद्-नेपाल शाखा सप्तरी राजविराज परिवार**


## लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं




**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन



**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ



**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

**भिडभाड, भौतिक दूरी** कम हुने र **भेन्टिलेशन** पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money — Chaudhary Group
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*